# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कन्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## टेण्डर डोकुमेन्ट

( पशु चौपाया निकासी पैठारी कर उठाउने ठेक्का)

आ.व. २०८२/८३

ठेक्काको नाम : पशु चौपाया निकासी पैठारी कर संकलन

ठेक्का नम्बर : SMP/082-83/SQ/AT/03

पटक सुचना प्रकाशित मिति : २०८२/३/२९

दरभाउपत्र खरिद गर्नु पर्ने अन्तिम मिति : २०८२/४/१२ दिउसो १२:०० बजे

दरभाउपत्र दाताको नाम :

ठेगाना :

प्रतिनिधिको दस्तखत :

सम्पर्क नं. :

मिति :

छाप :

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कन्चनपुर, सुदूरपश्चिम प्रदेश

# शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

## आन्तरिक आय सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८२/३/२९)

स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम यस शुक्लाफाटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ. व. २०८२/८३ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा उल्लेखित शर्तहरुको अधिनमा रही तोकिएको म्याद भित्र दरभाउपत्र फारम खरिद गरि पेश गर्न हुन अनुरोध छ ।

ठेक्काको विवरण:

| सि. न. | सिलबन्दी दरभाउपत्र नम्वर | कामको विवरण | स्वीकृत अंक भ्याट बाहेक | धरौटी रकम रु. | दरभाउपत्र खुल्ने मिति |
|---|---|---|---|---|---|
| १ | SMP/082-83/SQ/AT/03 | पशु चौपाय निकासी पैठारी कर उठाउने ठेक्का | ७५,०००।०० (रुपैया पचहत्तर हजार रुपैया ) | २२५०.०० | २०८२/४/१२ दिउसो १ बजे |

१. शिलबन्दी दरभाउपत्र पेश गर्दा फारम दस्तुर एवं धरौटी /जमानत रकम निम्न अनुशार का बैंक खाता मा नगद दाखिला गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी को सक्कल प्रति दरभाउपत्र साथ् संलग्न गरि पेश गर्नु पर्नेछ ।

दरभाउपत्र फारम दस्तुर जमा गर्नु पर्ने :

बैंक को नाम : एभ्रेस्ट बैंक लिमिटेड ,झलारी शाखा ,कंचनपुर
खाता को नाम : शुक्लाफाँटा नगरपालिका ,झलारी कंचनपुर
खाता नं : ०५९१०१०६२००००२ (आन्तरिक खाता)

धरौटि रकम जमा गर्नु पर्ने :

बैंक को नाम : एभ्रेस्ट बैंक लिमिटेड ,झलारी शाखा ,कंचनपुर
खाता को नाम : शुक्लाफाँटा नगरपालिका ,झलारी कंचनपुर
खाता नं : ०५९१०१०६२०००१६ (धरौटी खाता)

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

१. **परिचय :**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पशु निकासी पैठारी कर उठाउने अधिकार प्रदान गरे अनुरुप शुक्लाफाँटा नगरपालिका झलारी , कञ्चनपुरबाट आर्थिक वर्ष २०८२/८३ मा कबाड कर उठाउन श्रोतका शीर्षक एकिन गरी न्यूनतम कबुल अंक निश्चित गरिएको छ । यसरी एकिन भएका शिर्षक र न्यूनतम कबूल अंकमा आधारित भएर कबाड कर उठाउने सम्बन्धि दरभाउपत्र आह्वानको सूचना मिति २०८२/३/२९ मा प्रकाशित भएको छ ।

२. **परिभाषा र व्याख्या**

(क) "कार्यालय" भन्नाले शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सम्झनु पर्दछ ।

(ख) कबाड कर भन्नाले नगर सभाले आ. व. २०८२/८३ का लागी स्वीकृत गरेको कबाड कर का शीर्षकहरु सम्झनु पर्दछ र सो शब्दले न्यूनतम कबुल अंक समेत जनाउछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ । सान्दर्भिक विषयमा सार्वजनिक खरिद ऐन -२०६३ समेत सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहीत लाई सम्झनु पर्दछ ।

(ङ) "ठेकेदार" भन्नाले ठेक्का दिईएका र ठेक्काको शर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजका प्रतिनिधि सम्झनु पर्दछ ।

(च) "सम्झौता "भन्नाले कामहरु गर्नका लागि दुवै पक्षको दायित्व निर्धारण गरी कार्यालय र ठेकेदारका बीचमा हस्ताक्षर भएको कागजात सम्झनु पर्दछ ।

३. **ठेक्का विवरण, न्यूनतम कवुल अंक र ठेक्काका शर्तहरु :**

आर्थिक वर्ष २०८२/८३ मा पशु चौपाय निकासी पैठारी कर उठाउने ठेक्का शीर्षक र न्यूनतम कवोल अंक देहाय वमोजिम रहेका छन् ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | २०८२/८३ को न्यूनतम कबोल अंक भ्याट बाहेक | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|
| SMP/082-83/SQ/AT/03 | पशु चौपाय निकासी पैठारी कर उठाउने ठेक्का | रु. ७५,०००.००(पचहत्तर हजार रुपैया ) | १,०००।- |

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

१. ठेक्का शर्तहरु

१. संस्था/ फर्मको आयकर र मूल्य अभिबृद्धिकरको प्रमाण पत्रको स्वप्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ। उपरोक्त पेश नभएका दरभाउपत्र माथि कारवाही हुने छैन।

२. कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

३. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन। समयमा सम्झौता नगरी ठेक्का चलन पूर्जी नलिएको कारणबाट कुनै किसिमको छूट वा मिनाहा हुने छैन।

४. कर, दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा उठाउनुपर्ने छ।

५. ठेक्काबाट उठाईने बस्तु तथा सेवाको कर शुल्क , दस्तुरका दररेटहरु नगर सभाबाट पारित भए बमोजिम रहनेछन्। सो दर रेटमा संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारको निर्णय तथा प्रचलित ऐन कानुनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुने छ।

६. कर उठाउदा प्रयोग हुने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाउन पाईने छैन। त्यस्तो रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ।

७. एक स्थानीय तहमा कर दस्तुर बुझाई सकेको प्रमाण पेश गरेमा पुनः कर दस्तुर शुल्क लिन पाईने छैन।

८. सम्झौतामा भएको दररेट भन्दा फरक पारी वा सम्झौतामा उल्लेख नभएका सामानमा/वस्तुमा कर लिन पाईने छैन

९. यस कार्यालयमा तिर्नुपर्ने बाकीं वकयौता भएका व्यक्ति वा फर्मको दरभाउपत्र स्वीकृत गरिने छैन।

१०.ठेकेदार र यस नगरपालिकाको कार्यालय बिच ठेक्का शर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ। यसमा ठेकेदारको उजुरी लाग्ने छैन।

११. ठेक्का सम्झौता गरी संचालन गरेपछि कुनै पनि शर्तमा कबुल रकम मिनाहा हुने छैन। सो सम्बन्धमा कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।

१२. दरभाउपत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाईने छैन।

१३.दरभाउपत्र दोहोरो दर्ता भएमा दुवै दरभाउपत्र नखोली अस्वीकृत गरिने छ।

१४. ठेक्का सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन्।

CamScanner

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## २. दरभाउपत्र दाताको योग्यता :

यस शुक्लाफाँटा नगरपालिकाको आन्तरिक आय संकलनको ठेक्का लिन चाहने दरभाउपत्र दाताको योग्यता निम्नानुसार हुनु पर्नेछ ।

क) दरभाउपत्र दाता प्रचलीत कानुन बमोजिम स्थापना भएको संगठीत सस्था हुनु पर्नेछ ।
ख) शुक्लाफाँटा न.पा.को रेकर्डमा नगदी, जिन्सी बुझाउन बाँकी हुनु हुदैन ।
ग) दरभाउपत्र दाता दिवालिया भएको हुनु हुदैन ।
घ) दरभाउपत्र दाता कालोसुचिमा परेको हुनु हुदैन ।

## ३. दरभाउपत्र पेश गर्ने तरिका :

शुक्लाफाँटा न.पा.को आन्तरीक आय संकलनको ठेक्का लिन चाहने दरभाउपत्र दाताको दरभाउपत्र पेश गर्ने तरिका निम्नानुसार हुनेछ ।

क) नगरपालिकाबाट तोकिएनुसारको शुल्क तिरि दरभाउपत्र खरीद गर्ने र सो को सम्पूर्ण अध्ययन गरी लिन चाहेको ठेक्काको विषयमा स्थलगत राम्ररी बुझ्ने कार्य दरभाउपत्र दाता स्वयंले गर्नु पर्नेछ ।
ख) दरभाउपत्र को सूचनामा उल्लेख भए अनुसारको जमानत/धरौटीको सक्कल प्रति र आवश्यक कागजात प्रमाणहरुको प्रतिलिपि दरभाउपत्र साथ राखी दरभाउपत्र फाराम भरी अधिकार प्राप्त व्यक्तिबाट दस्तखत सहि छाप गरी ठेक्का लिन चाहेको ठेक्काको नाम उल्लेख गरी सिलबन्दी दरभाउपत्र म्याद भित्र प्रमुख प्रशासकीय अधिकृत, शुक्लाफाँटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झलारी, कञ्चनपुरलाई सम्वोधन गरी तोकिएको समय भित्र कार्यालयमा आई कार्यालय प्रमुखको तोक लगाई दर्ता गर्नु पर्नेछ ।

## ४. दरभाउपत्र खोल्ने प्रक्रिया :

नियमानुसार रित पुर्वक प्राप्त दरभाउपत्र हरु निम्न प्रक्रिया पुगाई खोलिने छ ।

क) दरभाउपत्र खोल्ने मिति, समय र स्थान दरभाउपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसार नै खोलिने छ ।
ख) दरभाउपत्र दाता र अन्य सरकारी कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

## ५. दरभाउपत्रको मुल्यांकन :

दरभाउपत्र खोली सकेपछि रितपूर्वक प्राप्त मुल्यांकन निम्नानुसार हुनेछ ।

क) रितपूर्वकको दरभाउपत्र प्राप्त भएको हुनुपर्ने छ ।
ख) न्यूनतम अंक भन्दा बढी कबुल गर्ने दरभाउपत्र दाताको तुलनात्मक विवरण बनाई पेस भएका कागजात , प्रमाण, जमानत/धरौटी अध्ययन गरीन्छ ।
ग) रित पुर्वक पेस भएका बोलपत्र मध्ये न्यूनतम अंक भन्दा बढी कबोल गर्ने मध्ये सबै भन्दा बढी अंक कबूल गर्नेको ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईनेछ ।

## ६. दरभाउपत्रको स्वीकृति

रितपुर्वक प्राप्त दरभाउपत्रहरु निम्नानुसार स्वीकृत गरीनेछ ।

क) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार शुक्लाफाँटा नगरपालिकाको कार्यालय झलारी, कञ्चनपुरमा रहनेछ ।
ख) रित पुर्वक दरभाउपत्र प्राप्त भएपछि सबैभन्दा बढी कबुल गर्नेको दरभाउपत्र स्वीकृत गरीने छ ।

CS CamScanner

प्रमुख प्रशासकीय अधिकृत

पुनर्वास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

७. **जमानत/धरौटी**

यस कार्यालय बाट ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएपछि दरभाउपत्र दाताले दरभाउपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसारको नियमानुसार आवश्यक पर्ने जमानत/धरौटी राखेको प्रमाण साथमा लिई ताकिएको म्याद भित्र सम्झौता गर्न दरभाउपत्र दाता कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

८. **सम्झौता र कार्य आदेश**

सम्झौता र कार्य आदेश निम्न अनुसार हुनेछ ।

क) दरभाउपत्र दाताले कार्यालय बाट दरभाउपत्र स्वीकृत भएको सुचना प्राप्त गरेपछि बाटाको म्याद वाहेक ७ ( सात ) दिन भित्र जमानत/धरौटी राखेको प्रमाण साथ कार्यालयमा उपस्थित भई सम्झौता गर्न निवेदन दिनु पर्ने छ अन्यथा म्याद भित्र सम्झौता गर्न नआएमा त्यस पछिको दरभाउपत्र दाता को ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईने छ ।

ख) दरभाउपत्र दाताले स्वीकृत ठेक्का अंकको कूल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तीमा १३ (तेह्र) महिना म्याद भएको परफरमेन्स बन्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै सर्त खुलाई सम्बन्धी ठेकेदार संग कबुलियत गराई नियमानुसार सम्झौता गरिने छ ।

ग) दरभाउपत्र दाता र कार्यालय बीच सम्झौता भएपछि ठेक्का चलन गर्न पाउने दर रेटको विवरण उल्लेख साथ ठेक्का चलनको लागि कार्य आदेश ठेकेदारलाई प्रदान गरिनेछ ।

घ) ठेकेदारले पनि सम्झौतामा उल्लेखित **शर्त** बन्देजको पूर्ण पालना गरी गराई ठेक्का चलन गर्नु गराउनु पर्नेछ ।

ङ) ठेकेदार र कार्यालय बीच भएको सम्झौता अनुसार ठेक्का चलन नगरेमा सम्झौतामा उल्लेख भए अनुसार ठेक्का कार्यालयलले तोड्न पनि सक्ने छ ।

११. **ठेकेदारले पालना गर्नुपर्ने आचरण**

क) ठेक्का पाउने ठेकेदारले कार्यालय र व्यवसायी सम्बन्धित सवै संग सभ्य ,शिष्ट र सम्मानीत व्यवहार गर्नुपर्ने छ ।

ख) ठेक्का संग सम्बन्धीत पत्राचार शिष्ट र मर्यादित भाषामा हुनु पर्नेछ ।

ग) कार्यालयमा तालबन्दी, कार्यालयका पदाधिकारी कर्मचारीलाई घेराउ गर्न जस्ता आचरण गर्न पाईने छैन ।

१२. **आकस्मीक अवरोध व्यवस्थापन :**

ठेकेदारको काबु बाहिरको परीस्थितीले आकस्मिक रुपमा कामको अवरोध आएमा ठेकेदारले त्यसको सुचना तुरुन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाई मर्का नपर्ने गरी दुवै पक्षले आपसी सहमतिमा त्यस्तो अवरोध को व्यवस्थापन गर्ने छन् ।

१३. **विवाद समाधान**

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा यस नगरपालिकाको कार्यपालिका बैठकको निर्णयबाट विवाद समाधान गरिनेछ । यस सम्बन्धमा नगरपालिकाको कार्यपालिका बैठकको निर्णय नै अन्तिम हुनेछ ।

१४. **कार्य सम्पन्न र अवधि :**

यस आ.व को कर संकलन र रोयल्टी उठाउन मिल्ने समय अवधि २०८३ अषाढ मसान्त सम्म मात्र रहेको छ ।

CamScanner

१५. पशु चौपाया निकासी कर दरहरु (शुक्लाफाँटा नगरपालिकाको आर्थिक विधेयक २०८२ बमोजिम )

पशु चौपाया निकासी कर २०८२/८३

क) राँगा ,भैसी,गोरु (प्रति जिउ ) - रु.२००/-

ख) बोका,बाख्रा,खसी ,भेडा (प्रति जिउ) -रु.५० /-

करका दर रेटका सन्दर्भमा प्रदेश सरकार तथा कार्यपालिकाले निर्णय गरे बमोजिम हेरफेर हुनेछ ।

१६. राजस्व दाखिला

- ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै संकलनका लागि उल्लेखित परिमाणको आधारमा बिक्रि शुल्क बाफतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुशार थप १३ % (मु.अ.कर सहित)गरि एकमुष्ट जम्मा गर्नु पर्नेछ | उक्त रकम सम्झौता गरेपश्चात १ (एक हप्ता ) भित्र राजश्व दाखिला गरिसक्नु पर्ने छ |
- तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाइ बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा शुक्लाफाँटा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्ने छ र हानि नोक्सानी क्षतिपूर्ति रकमका साथै बाँकी किस्ता रकमको २० % दरले ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असुल गर्ने छ |

प्रमुख प्रशासकीय अधिकृत

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**पशु चौपाय निकासी पैठारी कर उठाउने ठेक्का सम्बन्धी दरभाउपत्र फाराम**

आ.व. २०८२/८३

| क.स | ठेक्काको नाम | कबोल ठेक अंक (भ्याट बाहेक) | | धरौटी रकम र भौचर न. | |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| SMP/082-83/SQ/AT/03 | पशु चौपाया निकासी पैठारी कर उठाउने ठेक्का | | | | |

ठेक्काका शर्तहरु अध्ययन गरी शर्त पालना गर्ने मन्जुरी का साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम उल्लेख गरी दरभाउपत्र पेश गरेको छु ।

दरभाउपत्र दाताको विवरण

व्यक्तिको नाम :

स्थायी ठेगाना :

सम्पर्क ठेगाना :

नागरिकता न.मिति र जिल्ला

फर्मको नाम :

जिल्ला र दर्ता न.

फोन / फ्याक्स न.

दस्तखत :

मिति :

CamScanner

शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
झलारी, कन्चनपुर शुदूरपश्चिम प्रदेश

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना
## आन्तरिक आय सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना
### (प्रथम पटक प्रकाशित मिति २०८२/३/२९)

स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम यस शुक्लाफाटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ. व. २०८२/८३ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा उल्लेखित शर्तहरुको अधिनमा रही तोकिएको म्याद भित्र दरभाउपत्र फारम खरिद गरि कम्पनि दर्ता प्रमाणपत्र ,भ्याट दर्ता प्रमाणपत्र ,कर चुक्ता प्रमाणपत्र ( २०८२/८३ ),अख्तियारी प्राप्त पत्र ,स्व घोषणा पत्र ,धरौटी रकम दाखिला गरेको भाउचर ,दरभाउपत्र खरिद गरेको भाउचर र ठेक्का सम्बन्धि दरभाउपत्र फारममा सहि छाप भएका प्रमाण संलग्न राखी सम्पूर्ण दरभाउपत्रदाताहरुलाइ देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

ठेक्काको विवरण:

| सि. न. | सिलबन्दी दरभाउपत्र न. | कामको विवरण | स्वीकृत अंक भ्याट बाहेक | धरौटी रकम रु. | दरभाउपत्र खुल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | SMP/082-83/SQ/ST/01 | कभाड संकलन कर उठाउने ठेक्का | रु. १३,००,०००.००(तेह्र लाख ) | ३९०००.०० | २०८२/४/१२ दिउसो १ बजे | e-bid only |
| २. | SMP/082-83/SQ/AT/02 | विज्ञापन कर उठाउने ठेक्का | रु. २,००,०००.००(दुइ लाख) | ६०००.०० | २०८२/४/१२ दिउसो १ बजे | e-bid only |
| ३. | SMP/082-83/SQ/AT/03 | पशु चौपाया निकासी पैठारी कर उठाउने ठेक्का | रु. ७५,०००.०० (पचहत्तर हजार ) | २२५०.०० | दरभाउपत्र पेश गर्ने अन्तिम मिति : २०८२/४/१२, दिउसो १२ बजे खुल्ने मिति :२०८२/४/१२ दिउसो १ बजे | Hard copy only |

१. शिलबन्दी दरभाउपत्र पेश गर्दा फारम दस्तुर एवं धरौटी /जमानत रकम निम्न अनुशार का बैंक खाता मा नगद दाखिला गरेको सक्कल भौचर वा बैंक ग्यारेन्टी को सक्कल प्रति दरभाउपत्र साथ् संलग्न गरि पेश गर्नु पर्नेछ ।
**दरभाउपत्र फारम दस्तुर जमा गर्नु पर्ने :**

बैंक को नाम :एभ्रेस्ट बैंक लिमिटेड ,झलारी शाखा ,कंचनपुर
खाता को नाम :शुक्लाफाँटा नगरपालिका ,झलारी कंचनपुर
खाता नं :०५९१०१०६२००००२ (आन्तरिक खाता)

**धरौटि रकम जमा गर्नु पर्ने :**

बैंक को नाम :एभ्रेस्ट बैंक लिमिटेड ,झलारी शाखा ,कंचनपुर
खाता को नाम :शुक्लाफाँटा नगरपालिका ,झलारी कंचनपुर
खाता नं :०५९१०१०६२०००१६ (धरौटी खाता)

CamScanner